"हरित नगर, समृद्ध दमक"

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमक–झापा
१ नं. प्रदेश, नेपाल

प.सं.
च.नं.

☎ : ०२३–५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं. : ०२३–५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

## आन्तरिक आय संकलन ठेक्का आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/१०/२५)

यस दमक नगरपालिकाको आ.व. २०७७/०७८ मा २०७७ चैत्र महिना, २०७८ मा वैसाख, जेठ, असार र आगामी आर्थिक वर्ष २०७८/०७९ गरी जम्मा १६ महिनाको अवधिका लागि आन्तरिक आय **पूर्वाधार उपयोग सेवा शुल्क** संकलनका लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकाले सम्वन्धित सवैको जानकारीको लागि तपशिल अनुसारका शर्तहरु उल्लेख गरी यो सूचना प्रकाशित गरीएको छ। **सडक पूर्वाधार सेवा शुल्क** ठेक्का लिन चाहने कम्पनी/फर्महरुले तपशिलको सेवा शर्तका वन्देजमा रही गोप्य शिलवन्दी वोलपत्र फारम हार्डकपि तथा विद्युतीय माध्यमवाट समेत पेश गर्न सक्ने गरी यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| क्र.सं | ठेक्का नं. | बिवरण | न्यूनतम ठेक्का अंक १३% भ्याट सहित | धरौटी | बोलपत्र दस्तुर रु. | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फारम दर्ता गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १ | DMK/PUSS/27/077/78 | पूर्वाधार उपयोग सेवा शुल्क | रु.१,२९,७६,४९१।- | ५% | ३०००/- | पत्रिकामा सूचना प्रकाशित भएको मितिले ३० दिन सम्म | सूचना प्रकाशित भएको मिति देखि फाराम खरिद गर्ने अन्तिम मितिको भोलीपल्ट दिउँसो १२:०० बजे सम्म |

शर्तहरु :-

१. पूर्वाधार उपयोग सेवा शुल्क ठेक्काको वोलपत्र फारम माथी उल्लेखित मिति भित्र तोकिएको दस्तुर (फिर्ता नहुनें कार्यालयमा वा तोकिएको वैक खातामा बुझाई कार्यालय समय भित्र मु.अ.क. (भ्याट) मा र दमक नगरपालिका क्षेत्र भित्रका फर्महरु भए नगरपालिकामा व्यवसाय दर्ता भएका कम्पनी/फर्महरुले खरिद गर्न सक्नेछन।
२. ई-विडको हकमा वोलपत्र फारम खरिद गरेको मिति देखि वोलपत्र खरीद गर्ने अन्तिम मितिको भोलीपल्ट अपरान्ह १२:०० बजे सम्म शिलवन्दी वोलपत्र फारम दर्ता गर्न सकिने र हार्डकपिको हकमा माथि तालिकामा उल्लेख भए बमोजिम हुनेछ।
३. दर्ता हुन आएका शिलवन्दी वोलपत्रहरु वोलपत्र दर्ता हुने अन्तिम दिनको २:०० बजे कार्यालयका प्रतिनिधी र कम्पनी/फर्मका संचालक वा निजको प्रतिनिधिको रोहवरमा खोलीने छ तर कम्पनी/फर्मका संचालक वा निजको प्रतिनिधी उपस्थित नभएपनि उल्लेखित आय ठेक्काका वोलपत्रहरु खोल्न वाधा पर्ने छैन।
४. वोलपत्र दर्ता गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुले पछि वोलपत्र दर्ता गर्ने र खोल्ने पूर्व निधारीत समय कायम रहने छ।
५. उल्लेखित वोलपत्रहरु कम्पनी/फर्मले खरिद गर्दा संचालकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी, फर्म नविकरण भएको प्रमाणित प्रतिलिपी, स्थानीय फर्मको हकमा न.पा.मा दर्ता भएको व्यवशाय कर प्रमाणपत्र नविकरणको प्रतिलिपी, स्थायी लेखा नंम्वरको प्रमाणित प्रतिलिपी, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी तथा काम गरेको भए अनुभवको प्रमाणपत्र संलग्न हुनु पर्नेछ।
६. वोलपत्र दाखिला गर्दा आफुले कवोल गरेको आय ठेक्का अंकको ५% धरौटी रकम दमक नगरपालिकाको नाममा रहेको राष्ट्रिय वाणिज्य वैंक दमकको धरौटी खाता हि.नं. २१४०१००३०३००००२ मा रकम जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त वैंकले जारी गरेको १२० (एक सय बीस) दिन म्याद भएको बिडवण्डको सक्कलै प्रति पेश गर्नुपर्ने छ।
७. पूर्वाधार सेवा शुल्क ठेक्का सम्वन्धमा प्रचलित कानून अनुसारका बुझाउनु पर्ने कर, दस्तुर, महशुल कम्पनी/फ र्म पक्षवाट बुझाउनु पर्ने छ र सो को फरफारकको प्रमाण कार्यालयमा पेश गरे पछि मात्र निजले ठेक्का कवोल गर्दा राखेको धरौटी फिर्ता वा फुकुवा गरीनेछ।
८. ठेक्का स्विकृत भएको जानकारी पाएको ७ (सात) दिन भित्र सम्झौता गर्नु पर्ने छ। सम्झौता गर्नु पूर्व कवोल गरेको सम्पूर्ण रकम र नियमानुसारको मु.अ.करको रकम एकमुष्ठ बुझाई सम्झौता गरेमा कवोल गरेको रकमको १०% ले हुन आउने रकम

Scanned with CamScanner

☎ : ०२३–५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं. : ०२३–५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं.
च.नं.

छुट दिन सकिनेछ । एकमुष्ठ रकम नबुझाएको खण्डमा कवोल गरेको मु.अ.कर सहितको कुल रकमलाई ४ (चार) पटकमा चुक्ता बुझाउने गरीको किस्ता कायम गरी हुने रकम यस नगरपालिकाको धरौटी खातामा जम्मा गर्नु पर्ने र बाँकी रकमको हकमा नेपाल सरकारवाट मान्यता प्राप्त वैकवाट २०७९ श्रावण मसान्तसम्म म्याद भएको वैक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गरी सम्झौता गर्नु पर्नेछ ।

९. बोलपत्रदाताले आय ठेक्काको रकम एकमुष्ठ बुझाउदा वाहेकको अवस्थामा किस्तावन्दीमा बुझाउनु पर्ने छ । यसरी बुझाउदा पहिलो किस्ता सम्झौता गर्नु पूर्व, दोश्रो किस्ता २०७८ जेठ मसान्त, तेश्रो किस्ता २०७८ पौष मसान्त र चौथो किस्ता २०७८ चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ । प्रत्येक किस्ता बुझाउदा मु.अ.कर सहितको रकम बुझाउनु पर्नेछ ।

१०. कम्पनी/फर्मले कार्यालयलाई तोकिएको अवधि भित्र अर्थात २०७८ साल चैत्र मसान्त भित्र ठेक्काको सम्पूर्ण किस्ता रकम नबुझाएमा ठेकेदारद्धारा कार्यालयमा पेश गरीएको परफरमेन्स वण्ड जारी गर्ने वैकवाट उक्त बाँकी किस्ता रकम असुल गरीने छ ।

११. आ.व. २०७८/०७९ मा ठेक्का संचालन गर्दा सवारी साधन/उपकरणहरुको वार्षिक कर तिर्न चाहने सवारीधनिहरुलाई २०७८ श्रावण १ देखि श्रावण ३० गते ३० (तीस) दिनको म्याद दिई आर्थिक ऐनमा ताके बमोजिमको वार्षिक कर ठेकेदारको तर्फबाट दमक नगरपालिका कार्यालयमै बसि बुझाउन पाउने व्यवस्था मिलाउनु पर्नेछ, यसको सूचना दमक नगरपालिकाले जारी गर्नेछ, साथै सवारी साधन खरिद गरेको मितिले ३५ दिन भित्र आर्थिक ऐनमा तोके बमोजिमको वार्षिक सवारी कर बुझाउन पाउने व्यवस्था ठेकेदारले मिलाउनु पर्नेछ ।

१२. वार्षिक कर बुझिलिएका सवारीधनिहरुलाई वार्षिक कर बुझाएको झल्कीने संकेतको स्टीकर तयार गरी उपलब्ध गराउनु पर्नेछ ।

१३. चालु आ.व. २०७७/७८ का लागि यस कार्यालयमा वार्षिक कर बुझाएका सवारीधनिहरुलाई दैनिक तथा वार्षिक कर चालु बर्षका लागि लिन पाईने छैन । वार्षिक कर वुझाउनेहरुको सूची नगरपालिकावाट उपलब्ध हुनेछ ।

१४. कर संकलन गर्न पाईने केन्द्रहरु जेसिज चौक उत्तर देवकोटा चौक दक्षिण, वेलडागी रोडको पशुपति चिउरा मिल उत्तर, पशुहाट उत्तर लेखनाथ चौक, नदीजन्य सामाग्री निकासी नाकाहरु रहनेछन । उल्लेखित संकलन केन्द्र वाहेकका केन्द्रवाट संकलन गर्न पाईने छैन । संकलन केन्द्र थप गर्नु पर्ने भएमा नगरपालिकावाट स्वीकृति लिनु पर्नेछ ।

१५. किस्ता बुझाउदा यस कार्यालयको नाममा रा.बा.वैंक दमकमा रहेको धरौटी हि.खा.नं. २१४०१००३०३००००२ को वैक खातामा रकम जम्मा गरेको सक्कलै भौचर कार्यालयमा पेश गर्नु पर्नेछ । ठेकेदारले राखेको अग्रीम धरौटी रकमलाई किस्तामा मिलान गर्न पाईने छैन ।

१६. काबुबाहिरको परीस्थीती परी आय ठेक्काको कर असुली प्रभावित भएमा कम्पनी/फर्मले यस कार्यालयमा निवेदन दिन सक्नेछ छ । त्यसरी प्रभावित भएको/नभएको सम्वन्धमा दमक नगरपालिकाले सम्वन्धीत वडा अध्यक्ष वा सदस्यहरुको अध्यक्षतामा बनेको समितिवाट स्थलगत निरीक्षण गरी प्राप्त प्रतिवेदन लिई आवश्यक कार्यवाही गरीने छ ।

१७. कम्पनी/फर्मले आय संकलनका लागि लिएको सड्क पूर्वाधार सेवा शुल्क ठेक्कामा नगरपालिकाले तोकेको दर भन्दा बढि लिन पाईने छैन । बढी लिएको पाईएमा वा ठहरेमा ठेकेदारलाई जरिवाना अशुल गरी आवश्यक कारवाही समेत गर्न सकिनेछ ।

१८. पूर्वाधार उपयोग सेवा शुल्क ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सो को हर्जना अशुल गरी कम्पनी/फर्मलाई आवश्यक कारवाही हुने छ ।

१९. बोलपत्र स्विकृत भएको जानकारी पाएको ७ (सात) दिन भित्र कबुलियत, संम्झौता गरी पट्टापुर्जी (ईजाजत पत्र) नलिएमा कम्पनी/फर्मले राखेको धरौटी जफत गरिने छ र अन्यको हकमा प्रचलित कानून र नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

२०. पहिलो टेण्डरदाताको ठेक्का स्वीकृत भई नियम अनुसारको प्रकृया पुरा गरि ठेक्कामा सम्झौता नगरे सम्म दोश्रो र तेश्रो बोलपत्रदाताको धरौटी रकम फिर्ता गरीने छैन र पहिलो बोलपत्रदाताको ठेक्का अंकमा अन्य ठेकेदारको धरौटीबाट हिसाव मिलान गर्न पाइने छैन ।

२१. पूर्वाधार सेवा शुल्क ठेक्का सम्वन्धमा कुनै किसिमको विवाद भएमा यस कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ ।

२२. रित नपुगेको वा म्याद नाघेर आएको बोलपत्र उपर कुनै कार्यवाही गरीने छैन् ।

२३. पूर्वाधार उपयोग सेवा शुल्क ठेक्का संकलन गर्दा प्रयोग गरिने रसिद, कर्मचारी समेतको व्यवस्था कम्पनी/फर्म आफैले गर्नु पर्नेछ ।

२४. पूर्वाधार उपयोग सेवा शुल्क ठेक्का संकलन गर्दा प्रयोग गरिने रसिदमा कार्यालयको अनिवार्य छाप लगाएर मात्र प्रयोग गर्न पाईनेछ । छाप नलगाई कर रसिद प्रयोग गरेको पाईएमा ठेकेदारलाई नियमानुसार कारवाही गरिने छ ।

२५. पूर्वाधार उपयोग सेवा शुल्क ठेक्का सम्वन्धी यस कार्यालयवाट प्रकाशित सूचना सम्वन्धित सवैका लागि मान्य हुनेछ ।

Scanned with CamScanner

"हरित नगर, समृद्ध दमक"

# दमक नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दमक, झापा

१ नं. प्रदेश, नेपाल

Damak Municipality

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं. : ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं.
च.नं.

२६. पूर्वाधार उपयोग सेवा शुल्क ठेक्का अवधि सम्झौता भएको मितिदेखि २०७९ असार मसान्तसम्म हुनेछ ।
२७. सम्झौताका सबै शर्तहरु र ठेक्काका प्रक्रिया प्रचलित कानुन बमोजिम हुनेछ ।
२८. पूर्वाधार उपयोग सेवा शुल्कको दर दमक नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।
२९. पर्न आएका बोलपत्रहरु स्वीकृत गर्ने/नगर्ने लगायत ठेक्का सम्वन्धि निर्णय गर्नु पर्ने सम्पुर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।
३०. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु प्रचलित ऐन कानून अनुसार हुनेछ ।
३१. अन्य विस्तृत जानकारीका लागि दमक नगरपालिका कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

...................................

दिनेशकुमार न्यौपाने
उपसचिव
अधिकृतः दशौं तह

नगर कार्यपालिकाको कार्यालय दमक-झापा १ नं. प्रदेश, नेपाल २०७३

Scanned with CamScanner